Patan Gyansagar, 7(1), 111-125, June 2025, ISSN: 2467-9534

# भोकको लय कवितासङ्ग्रहमा दलितचेत

विपेन विश्वकर्मा
नेपाली विभाग, निम्स कलेज, त्रिभुवन विश्वविद्यालय, नेपाल
Email: aadimabpn@gmail.com

Received: September, 2024; Revised: February, 2025; Accepted: June, 2025

© The Author(s) 2025

https://doi.org/10.3126/pg.v7i1.79576

## लेखसार

प्रस्तुत लेखमा दलितचेतका मान्यताहरूलाई आधार बनाई भोकको लय कवितासङ्ग्रहको अध्ययन गरिएको छ । भोकको लय कवितासङ्ग्रहमा के-कस्तो दलितचेत पाइन्छ भन्ने समस्यामा केन्द्रित रहेर यो अध्ययन गरिएको छ । यसका लागि भोकको लय कवितासङ्ग्रह प्राथमिक सामग्री र दलितचेतसँग सम्बन्धित द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । तिनको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । भौतिकवादी जीवनदृष्टि; दलनको पीडा बोध र स्वपहिचान; शोषण तथा उत्पीडनको विरोध; दलित नायकत्वको खोजी; मुक्तिको आकाङ्क्षा र क्रान्तिचेत ; समतामूलक समाज निर्माणको चाह र आक्रोषपूर्ण सोझो भाषाशैली गरी यी सातओटा आधार नै कृतिको विमर्श गर्ने सैद्धान्तिक स्वरूप हुन् । पाठविश्लेषण विधिमा आधारित यस अध्ययनका आधारमा दलित भन्नाले पहाडीया र खस आर्यभित्रका उत्पीडित समुदाय, नेवारभित्रका उत्पीडित समुदाय र तराई मधेसका उत्पीडित समुदायको साझा परिचयलाई समेट्छ । अर्थात् उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई बुझाउँछ । कवितामा अन्धविस्वास र अन्धपरम्पराको विरोध गर्नु, वैज्ञानिक चिन्तनलाई आत्मसात् गर्नु, ईश्वको अस्तित्वलाई अस्वीकार गरी ईश्वर मर्यो भन्नु भौतिकवादी जीवनदृष्टि हो । कवितामा दलितहरूमाथि हजारौं वर्षदेखि हुँदै आएको अन्याय, अत्याचार, विभेद, छुवाछुत, शोषण तथा उत्पीडनको स्वीकार गर्नु, दलितहरूको वीरता, अङ्ग्रेजसँगको युद्ध र विसेनगर्चीको प्रसङ्गबाट इतिहासमासमेत आफू हुनुको भावको खोजी गरिनुले दलनको पीडा बोध र स्वपहिचानलाई प्रष्ट पार्छ । कवितामा बेथितिको पराकाष्टाका विरुद्ध, भोकले ग्रस्त छातीहरूमा बुर्कुसी मारिरहेका पाउहरूका विरुद्ध, हाम्रा छोरी चेलीमाथि कुदृष्टि लगाउने शोषक, ठूलाबडाका विरुद्ध दुर्गम गाउँलाई अझै दुर्गमै बनाइराख्ने नियतिका विरुद्ध, माफिया, घुसखोरी, भ्रष्टारीका विरुद्ध जनतालाई एकजुट भएर ज्वालामुखी झैं विष्फोट हुन प्रेरित गर्नु शोषण तथा उत्पीडनको विरोध हो । समाजका कथित ठुलाबडाले अछुत, अपवित्र, कोइला ठाने तापनि समाजको वास्तविक पोषणकर्ता, पहरेदार दलित नै भएको भन्दै दलितलाई समाज सञ्चालनको नायकका रूपमा कवितामा प्रस्तुत गर्नु दलित नायकत्वको खोजी हो । यस्तै क्रान्ति नगरी कुनै पनि उत्पीडनबाट मुक्त हुन नसकिने भाव कवितामा अभिव्यक्त गरी मुक्तिको

आकाङ्क्षा र क्रान्ति चेतलाई प्रस्तुत गरिएको छ । कवितामा प्रस्तुत खराब संस्कृतिलाई हटाएर आपसी समानता, सद्भाव र विभेदरहीत समाजको निर्माण र विकास गर्ने चाहना नै समतामूलक समाज निर्माणको चाह हो । कवितामा शासक तथा उत्पीडक वर्गप्रति रोष प्रकट गर्दै 'विचारहीन चालबाजहरू', 'चोर', 'हरिकङ्गाल', 'छट्टुहरू' र 'बेसारे' जस्ता रुखो शब्दको प्रयोग गरिनुले आक्रोषपूर्ण सोझो भाषाशैलीलाई प्रष्टयाउँछ । यसरी दलितचेतना र प्रयोगका दृष्टिले भोकको लय कवितासङ्ग्रह अब्बल रहेको निष्कर्ष यसमा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी** : उत्पीडन, क्रान्ति, दलित चेत, विद्रोह, समता

## १. विषयपरिचय

कल्याणपुर चितवनमा जन्मिएका कृष्ण विश्वकर्मा नेपाली कविता साहित्यका प्रतिभाशाली उदाउँदो नक्षेत्र हुन् । दुई दशकदेखि नेपाली साहित्यको मुलतः कविता, गीत र गजल विधामा कलम चलाउँदै आएका विश्वकर्माको शारदा, वैजयन्तीलगायत राष्ट्रिय स्तरका पत्रपत्रिकामा दर्जनौ रचना प्रकाशित रहेका छन् । प्रज्ञाप्रतिष्ठानको अङ्क १०७ मा संयुक्त कविता र प्रवासका फूलहरू संयुक्त कृतिमा गजल प्रकाशित गराएका विश्वकर्मा विभिन्न साहित्यिक संस्थासँग पनि आबद्ध रहेका छन् । कृष्ण विश्वकर्मा कम्युनिष्ट विचारधारा तथा जीवन दर्शनलाई आत्मसात गर्ने कवि हुन् । उनको भोकको लय कवितासङ्ग्रह २०७५ सालमा बुलबुल पब्लिकेशनले पहिलोपटक प्रकाशित गरेको हो । यस लेखमा उनै विश्वकर्माको भोकको लय कवितासङ्ग्रहमा सङ्गृहीत त्रिपन्नओटा कवितामध्ये केही कवितालाई मात्र दलितचेतनाका दृष्टिले विश्लेषण गरिएको छ । भोकको लय कवितासङ्ग्रहभित्र सङ्गृहीत कविताको विश्लेषणका लागि दलितसौन्दर्यचेतको सिद्धान्त तय गरिएको छ । यस कवितासङ्ग्रहमा प्रस्तुत दलितचेतयुक्त कविताको अध्ययनबाट वर्तमान समाजको चेतनाको विश्लेषण गर्न सहयोग पुग्छ । साथै दलित मुक्तिको निम्ति चेतनाको प्रवाह फैलाउन यसले सहायता गर्छ । भोकको लय कवितासङ्ग्रहलाई विभिन्न विद्वानहरूले विविध दृष्टिकोणबाट समीक्षा गरेको भए तापनि यसमा प्रस्तुत दलितसौन्दर्यचेतको विश्लेषण गरिएको छैन । यसै सन्दर्भमा प्रस्तुत कवितासङ्ग्रहमा के-कस्तो दलितचेतको अभिव्यक्ति पाइन्छ भन्ने मूल समस्याको समाधान गर्ने उद्देश्य यस लेखमा रहेको छ ।

## २. अध्ययन विधि र विश्लेषणको आधार

प्रस्तुत लेखमा भोकको लय कवितासङ्ग्रहमा अभिव्यक्त दलितचेतनाको विश्लेषण गरिएको छ । तसर्थ यसमा कृष्ण विश्वकर्माको भोकको लय कवितासङ्ग्रह प्राथमिक सामग्री र यसका विश्लेषणका साथै दलितसौन्दर्यचेतको सैद्धान्तिक चर्चा गरिएका कृति, लेख आदि द्वितीयक सामग्री रहेका छन् । तिनको सङ्कलन पुस्तकालयबाट गरिएको छ । यसमा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । कवितासङ्ग्रहलाई दलितचेतनाका आधारमा विमर्श गर्न विभिन्न विद्वानहरूले चर्चा गरेका दलितचेतनासम्बद्ध सिद्धान्तका आधारमा विश्लेषणका मानदण्ड तयार पारेर कृतिबाट तथ्यहरू सङ्कलन गरी विश्लेषण गरिएको छ ।

दलित शब्द संस्कृत शब्द हो । यो *दल्* धातुमा *इत* प्रत्यय लागेर बनेको छ । दलितको अर्थ दलिएको, टुक्रामा पारिएको हेपिएको, कुल्चिएको, थिचिएको, दलनमा पारिएको भन्ने हुन्छ । दलित शब्द वैदिककालमा

शूद्र भनिने समुदायलाई जनाउने शब्द हो (भट्टराई २०७०, पृ.१८४) । दलितलाई हिन्दु वर्णव्यवस्थाद्वारा निर्मित जातव्यवस्थामा शुद्र, अस्पृश्य, अछुत जाति, तल्लो जातिको पर्यायवाची शब्दका रुपमा बुझ्ने-बुझाउने गरिएको पाइन्छ । जो मानिस आफूमाथि भएको जातव्यवस्थाजन्य छुवाछुतसहितको अत्याचारलाई स्वीकार गर्छ, तबसम्म त्यो अछुत हो तर जब कथित अछुतले आफूमाथिको अत्याचार विरुद्ध बौद्धिक वा भौतिक रूपमा सङ्घर्ष गर्न सुरू गर्छ, त्यसपछि ऊ दलित हो (आहुति २०७७, पृ.१६४) । यसरी दलितलाई आहुतिले छुवाछुतसहितको अत्याचार विरुद्ध सङ्घर्षशील मानिसको बिम्बको रूपमा चिनाएका छन् । दलित शब्द छुवाछुतजन्य जातीय भेदभाव र बहिष्करणका कारण पिल्सिएका समग्र उत्पीडित समुदायलाई एउटै शब्दले सम्बोधन गर्न रचिएको शब्द हो (अधिकारी र बराली २०७७, पृ. १८) । जनजाति शब्दले शेर्पा, तामाङ, मगर, राई, गुरुङ, लिम्बु र नेवार आदि समुदायको साझा परिचय बुझाउँछ । त्यसै गरी दलित शब्दले पनि पहाडिया र खसआर्य, नेवारभित्रका उत्पीडित समुदाय र मधेसका उत्पीडित समुदायको साझा परिचयलाई समेट्छ । दलित शब्दले हिन्दु वर्णव्यवस्थाबाट र वर्गव्यवस्थाबाट उत्पीडित सम्पूर्ण समुदायको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थालाई बुझाउँछ ।दलित सौन्दर्यशास्त्र हुनका लगि आवश्यक मान्यता, तत्त्व वा विशेषताहरू नै दलित चेतका मान्यताहरू हुन् । खासमा दलित चेतले कथित ईश्वरीय विधान भनी शोषक वर्गले तय गरेका धार्मिक माखेसाङ्लालाई अस्वीकार गर्दै शोषित उत्पीडित दलितहरूलाई मुक्तिको मार्गतिर डोर्याउँछ । यहाँ विभिन्न विद्वानहरूले प्रस्तुत गरेका मान्यताहरू उल्लेख गर्दै निचोडमा दलित चेतका मूलभूत मान्यताहरूलाई पहिल्याउने प्रयत्न गरिएको छ ।

घनश्याम ढकाल (२०७०) ले 'दलित सौन्दर्यशास्त्र : सम्भावना र स्वरूप' शीर्षकको लेखमा दलितवर्गीय दृष्टिकोणबाट असत्य, अशिव र कुरूपता विरुद्ध सत्य, शिव र सुन्दरको पक्षपोषण गर्नु; दलित सृजना गर्ने वेद, पुराण, स्मृति, धर्मशास्त्र र इतिहासको अन्त्यको खुलासा गर्दै तिनको सत्यलाई अस्वीकार गर्नु; छुवाछुत र भेदभावयुक्त वर्णव्यवस्थामा आधारित हिन्दु सामन्तवादको अन्त्यका लागि क्रियाशील हुनु; दलित वर्गको सौन्दर्यपरक आवश्यकताको पूर्ति गर्नु; भौतिकवादी जीवन दर्शनलाई अङ्गीकार गर्नु; ब्राह्मणवादी शोषण, दमन र उत्पीडितको विरोध गर्नु; सामन्तवादी, साम्राज्यवादी तथा विस्तारवादी मूल्यमान्यताको विपक्षमा रहनु; दलितकेन्द्री साहित्यको सृजना गर्नु; दलित मुक्ति चेतनालाई वर्गमुक्ति चेतनासँग लगेर जोड्नु; दलितमुक्ति आन्दोलनलाई दिग्भ्रमित बनाउने सुधारवादी तथा उत्तरआधुनिकतावादी चिन्तनको विपक्षमा रहनु; दलितहरूमा नवीन यथार्थ बोधको सौन्दर्यचेतना जागृत गराउनु; देशभित्र र बाहिरका सबै उत्पीडन विरोधी आन्दोलनको समर्थन गर्नु; मानवता, समानता, र बन्धुत्वको पक्षपोषन गर्नु; दलितमुक्ति आन्दोलनलाई जनगणतन्त्र प्राप्ति आन्दोलनको अङ्ग बनाउनु; दलित वर्गबाटै स्वाधीन, स्वतन्त्र र पूर्ण नयाँ नायकको निर्माण गर्नु; मार्क्सवादी सौन्दर्य चेतनलाई अङ्गीकार गर्नु; दलितहरूलाई आफ्नो पहिचानसहित राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका लागि सङ्घर्ष गर्न प्रेरित गर्नु; उत्पीडित वर्ग र जातजातिले चलाउने लिङ्गीय, क्षेत्रीय तथा धार्मिक उत्पीडन तथा भेदभाव विरोधी आन्दोलनमा सहभागी हुनुलाई दलित सौन्दर्यशास्त्र र साहित्यका विशेषता मानेका छन् (पृ.२७३) ।

आहुतिको (२०७७) जातवार्ता पुस्तकभित्रको 'दलित सौन्दर्यशास्त्र र साहित्य' शीर्षकको लेखमा दलित सौन्दर्यशास्त्रका विशेषतालाई वर्तमान र भविष्य गरी दुई पक्षमा प्रस्तुत गरिएको छ । उनका अनुसार दलित सौन्दर्यशास्त्रको वर्तमान पक्षका विशेषता भनेको तीनहजार वर्षभन्दा बढी समयदेखिको निरन्तरको श्रमिकपना, आमसमाजको सेवकपना, शोषण–उत्पीडनमा असहभागिता तर परिणाममा भोग्नुपरेको उत्पीडन एवं बहिष्करण विरुद्ध छटपटी आक्रोश हो । त्यस्तै अनिवार्य रूपमा श्रमको सम्मान; समाजसेवाको महानीकरण; शोषण उत्पीडनको अन्त्य गरी समतापूर्ण समाज निर्माण; मानिसहरूबिचको भौतिक समानतासँगै सांस्कृतिक बहिष्कारको कुनै पनि अवशेष नभएको दुनियाँ निर्माण नै दलित सौन्दर्यशास्त्रको भविष्य पक्षका विशेषताहरू हुन् (पृ.१६९) । यसरी आहुतिले वर्तमान र भविष्य पक्ष गरी दलित सौन्दर्यशास्त्रका छ ओटा आधारभूत विशेषता–मान्यता औँल्याएका छन् ।

सङ्गीत श्रोताले दलित सौन्दर्यशास्त्र भौतिकवादमा आधारित र सौन्दर्यपरक हुने उल्लेख गर्दै मुलभूत रूपमा मात्रसवादी सौन्दर्य चिन्तन र दलित सौन्दर्यचिन्तनका आधारहरू एउटै हुने बताएका छन् । उनले ’दलित सौन्दर्यशास्त्रका आधार÷ शीर्षकको लेखमा श्रमचेतना; भौतिकवादी दृष्टि; सङ्घर्षशीलता, विद्रोही चेतना र मुक्तिको आकाङ्क्षा; सामूहिक भाव र दलित नायकत्वको स्थापना; हिन्दु सामन्तवादी सौन्दर्य दृष्टिको प्रतिवाद; धार्मिक भावनाबाट मुक्ति; वैदिक, पौराणिक मूल्यमान्यता र संस्कृतिप्रति अविश्वास; निरन्तर सांस्कृतिक आन्दोलन र आत्म रूपान्तरण; वर्ग मुक्तिको चेतना; सङ्घर्षको अन्तर्राष्ट्रियकरणलाई दलित सौन्दर्यशास्त्रका आधारका रूपमा प्रस्तुत गरेका छन् (२०७०, पृ.२९३-३०१) ।

निनु चापागाईंले दलित सौन्दर्यशास्त्र र साहित्य (२०६८) पुस्तकमा मानिसको चेतनाको सिधा सम्बन्ध उसको दृष्टिकोणसँग हुने हुँदा दलितका व्यथा, दुःख, पीडा र शोषणको बखान गर्नुलाई मात्र दलित चेतना ठान्ने गल्ती गर्नु हुँदैन, मौलिक चेतनाहीन दलित पीडाको भावुक रोदनजन्य वर्णन दलित चेतना होइन (पृ.६१) भन्ने विचार व्यक्त गरेका छन् । चापागाईंका अनुसार मुक्ति र स्वतन्त्रको धारणा; अनिश्वरवाद र अनात्मवाद; वैज्ञानिक दृष्टि बोध; पाखण्डी कर्मकाण्डको विरोध; वर्ण व्यवस्था र जातीय विभेदको विरोध; साम्प्रदायिकताको विरोध; स्वतन्त्रता र सामाजिक न्यायको पक्षधरता; सामाजिक परिवर्तनका लागि प्रतिबद्धता; आर्थिक क्षेत्रमा पुँजीवादको विरोध; सामन्तवाद र ब्राह्मणवादको विरोध; अधिनायकवादको विरोध; लिङ्गवादको विरोध; वर्णविहीन र वर्गविहीन समाजको पक्षधरता आदि नै दलित चेतनाका मुख्य आधारहरू हुन् (पृ.६०) ।

रमेश प्रभातले सामाजिक बहिष्कारका विरुद्धको सामाजिक तथा सांस्कृतिक चेतनाबाट नै समाजमा न्याय स्थापित हुने हुँदा पुरातन जातिवादी चिन्तन संस्कार र व्यवहारका विरुद्ध दलित चेतना विकास भएको हो भन्ने विचार व्यक्त गरेका छन् (सन् २०२१, पृ.१०७) । 'किसान प्रेमीको चेतना खण्डकाव्यमा प्रतिध्वनित दलित चेतना' को व्याख्या–विश्लेषण गर्ने क्रममा उनले हिन्दु वर्णाश्रमप्रति व्यङ्ग्य; मानव मानवकाबिच हुने भेदभावको विरोध; मावतावादी जीवन दृष्टि; दलितपनाको चित्रण; प्रतिरोधी चेतना; समतामूलक समाजको चाहनालाई दलित सौन्दर्यचेतनाका आधारहरू मानेको देखिन्छ (पृ. १०८) ।

डिडी अधिकारी र रणेन्द्र बरालीले *नेपाली दलित साहित्यलेखनको इतिहास* (२०७७) पुस्तकमा नेपाली साहित्यमा दलित सौन्दर्य चेतनालाई पहिलो, दोस्रो र तेस्रो चरणमा विभाजन गरेका छन् । उनीहरूले चरणगत रूपमा दलित सौन्दर्यको खोजी गर्दै दलित सौन्दर्यचेतनाका आधारहरूलाई प्रस्तुत गरेका छन् । उक्त पुस्तकमा विभिन्न चरणमा प्रस्तुत दलित सौन्दर्य चेतनालाई सारमा समेट्दा लेखकहरूले परिवर्तनप्रति आस्था एवम् विश्वास; उत्पीडन र शोषण विरोधी चेतना; समसामायिक पीडा बोध र विद्रोह; कुरीति अन्धविश्वास, पाखण्डीपन एवं रुढीको विरोध; जातिविहीन एवम् वर्गविहीन सामाजिक संरचना निर्माणका निम्ति आह्वान; मार्क्सवादी चिन्तनद्वारा दमित वर्गको उत्थानका निम्ति आह्वान; श्रम सौन्दर्य र भौतिकवादी दृष्टि; वर्गीय मुक्ति चेतना; सङ्घर्षशीलता, विद्रोही चेतना र प्रचलित सामाजिक व्यवस्थाको विरोध; दलित नायकको खोजी नै दलित सौन्दर्यचेतनाका खास वैशिष्ट्यहरू मानेको देखिन्छ (पृ.९५-१८७) ।

राजेन्द्र महर्जनद्वारा सम्पादित *दलित सौन्दर्यबोध* (२०७०) पुस्तकमा समाहित निनु चापागाईंको ’दलित सौन्दर्यशास्त्र र साहित्य÷ शीर्षकको लेखमा अलिगढ मुस्लिम विश्वविद्यालयका सिनियर लेक्चर तथा साहित्यकार निरन्जन कुमारद्वारा प्रस्तुत दलित साहित्यको सौन्दर्यशास्त्रका तत्त्वहरूलाई प्रस्तुत गरिएको छ । यस लेखमा समानता, स्वतन्त्रता, बन्धुत्व र न्याय; नकार, विद्रोह र प्रतिरोध; यातना, वेदना र छटपटी; अनुभूतिको प्रामाणिकता; सोझो प्रस्तुति; आक्रोश र प्रहारलाई लाई दलित साहित्यको सौन्दर्यशास्त्रका मूलभूत तत्त्व मानिएको छ । (पृ.९७) ।

डा. ताराकान्त पाण्डेयले 'समसामयिक प्रगतिशील कवितामा दलितचेतना' शीर्षकको लेखमा प्रगतिशील कविताको क्षेत्रमा देखिने दलितसौन्दर्यचेतलाई प्रस्तुत गरेका छन् । पाण्डेयका अनुसार वर्णवादको आलोचना र जातीय मुक्ति चेतनाको अभिव्यक्ति; वर्णवाद र दलित समस्यालाई वर्गीय आन्दोलनसँग गाँसेर हेर्ने प्रगतिवादी प्रवृत्ति; दलित मुक्तिको क्रान्तिकारी बाटो : राज्य संरचनामा परिवर्तनको आवश्यकता बोध; दलितलाई क्रान्ति नायकको उर्जाशील व्यक्तित्वका रूपमा चित्रण नै नेपाली कवितामा देखिने दलित सौन्दर्यचेतनाका विशेषता हुन् । (२०७०, पृ.१४१-१५७) । दलित सौन्दर्य चिन्तकहरूको दलित सौन्दर्यशास्त्र सम्बन्धी उपर्युल्लिखित मतहरूलाई हेर्दा निचोडमा दलित सौन्दर्यशास्त्रका आधारभूत विषयहरू यस प्रकार प्रस्तुत गर्न सकिन्छः

## ३. परिणाम र विमर्श

### ३.१ भौतिकवादी जीवनदृष्टि

शोषकहरूले आफूलाई ईश्वर सरह तुल्याई ईश्वरकै डर देखाएर जबर्जस्त धर्मशास्त्र पछ्याउन लगाउँछन् अर्थात् ईश्वरको भ्रम फिँजाएर लुट मच्चाइरहन्छन् । यस्ता सबै खाले धार्मिक अन्धविश्वास, अन्धपरम्परा र रूढीवादी मान्यताको विरोध दलितसाहित्यले गर्छ । दलितसाहित्यले सम्पूर्ण जनतालाई भौतिकवादी बन्न प्रेरित गर्दै वैज्ञानिक जीवन मार्गमा डोर्याउँछ । यसले कुनै पनि धर्मबाट दलितमुक्ति सम्भव छैन भन्दै सबै किसिमका धार्मिक अन्धताबाट मुक्त हुन प्रेरित गर्छ । दलितसौन्दर्यचेतले कुनै किसिमको अलौकिक शक्ति, ईश्वर र आत्मलाई स्वीकार्दैन । यसले मान्छे कुनै पनि धर्म नमानेर बाँच्न सक्छ तर खाना नखाई बाँच्न सक्दैन ।

धर्मले खाद्यान्न उत्पादन गर्दैन, जुन मान्छेको अपरिहार्य चिज हो । जति धेरै उत्पादन गरी समान रूपमा वितरण गर्‍यो, त्यति मात्रामा नै मानिसहरू खाना खानै नपाएर मर्नु पर्ने स्थितिमा रहँदैनन् । धर्मले प्रचुर मात्रामा खाद्यान्न उत्पादन गर्दैन, जुन विज्ञान र प्रविधिले गर्छ । यसर्थ दलितसाहित्यले मानिसहरूलाई धर्मको मार्गमा नलगी विज्ञान र प्रविधिको मार्गमा डोर्याउँछ ।

## ३.२ दलनको पीडाबोध र स्वपहिचान

दलित साहित्यमा हजारौं वर्षदेखि दलितहरूले भोग्दै आएको पीडादायी जीवन भोगाइको यथार्थ चित्रण गरिन्छ । यसले दलितमाथि हुँदै आएको अन्याय, अत्याचार, विभेद, छुवाछुत, शोषण तथा उत्पीडनको अभिव्यक्ति दिन्छ । दलितसाहित्यले दलितहरूको पीडापूर्ण अवस्थालाई देखाउँदै त्यसबाट मुक्त हुन आह्वान गर्छ । दलितसाहित्यले दलितहरूलाई शोषण र विभेद गर्न तय गरिएको उत्पीडनकारी व्यवस्थामा देखिने दलनको पीडाबोधलाई अभिव्यक्त गर्छ । श्रम र सिपले मान्छे सुन्दर हुन्छ । दलितहरू श्रम र सिपका खानी हुन् । दलितसाहित्यले श्रमको सम्मान गर्छ र श्रम नगरी खानेहरूप्रति व्यङ्ग्य प्रहार गर्छ । मिहिनेत गर्नु, पसिनाको सुगन्धमा रमाउनु र श्रमजीवी हुनुमा गौरवको अनुभूति गर्नु नै दलित सौन्दर्य चेत हो । दलित साहित्यमा परिश्रमलाई अत्यन्त महत्त्वका साथ प्रस्तुत गरिन्छ । दलितसाहित्यमा दलितहरू खुसीसाथ श्रम गरेको अनि श्रमशोषण गर्नेहरूप्रति भने तिखो आक्रोश पोखेको देख्न सकिन्छ ।

## ३.३ शोषण तथा उत्पीडनको विरोध

दलित साहित्यले ब्राह्मणवादको विरोध गर्छ । ब्राह्मणवाद एउटा प्रवृत्ति हो । डोरबहादुर विष्टका अनुसार ब्राह्मणवाद भनेको एउटा दृष्टिकोण हो, दर्शन हो त्यसैले यस दर्शनमा अरूलाई होच्याएर तल्लो दर्जामा राखिन्छ अनि कुनै एक जाति विशेषलाई मात्रै जन्मदै ठुलो र पूजनीय भनी उपल्लो तहमा राखिन्छ (बराल २०६७, पृ.२) । दलितसाहित्यले यस्तो प्रवृत्तिको चर्को विरोध गर्दछ ।

मोहन वैद्य 'किरण÷ का अनुसार सामन्तवादमा सामाजिक चेतनाका सबै रूपहरू धर्मको अधीनमा हुन्छन्, त्यहाँ राजनीति पनि धर्मको अधीनमा हुन्छ अनि नैतिकता, कानुन, सौन्दर्य चिन्तन सबै धर्मको अधीनमा हुन्छन् (बराल २०६७, भूमिका 'ब') । धर्मको आडमा शोषण गर्ने प्रवृत्तिको विरोध दलितसाहित्यले गर्छ । सामन्तवादी समाज व्यवस्थामा जमिन प्रमुख शक्तिका रुपमा रहन्छ । जोसँग धेरै जमिन छ, ऊ धनी र शक्तिशाली हुन्छ तर दलितहरू भूमिहीन मजदुर तथा किसानका रूपमा छन् । यसर्थ दलितलाई गरिब नै बनाइराख्ने सामन्तवादी व्यवस्था दलितको हितमा छैन । यस कुरालाई बोध गर्दै अवशेषका रूपमा रहेको सामन्तवादी प्रवृत्तिको दलितसाहित्यले खुलेर विरोध गर्दछ । दलितमुक्ति र समतामूलक समाज निर्माणको बाधक पुँजीवादी व्यवस्था भएकाले दलितसाहित्यले पुँजीवादी व्यवस्थाको चर्को विरोध गर्दछ । यस्तै दलितसाहित्यले लिङ्गका आधारमा हुने विभेदको विरोध गर्छ । दलितसाहित्यमा पितृसत्तावादको विरोध गर्दै राज्य विस्तार र प्रभुत्व कायम गर्न अरूमाथि उत्पीडन गर्ने साम्राज्यवादी व्यवस्थाको विरोध गरिएको हुन्छ । यसमा ईश्वरको सर्वोपरितालाई स्वीकार गरिँदैन ।

### ३.४ दलित नायकत्वको खोजी

दलितसाहित्यको नायक वा केन्द्रीय चरित्र दलित नै हुन्छ । ऊ सबै किसिमका विभेदको अन्त्य गर्ने पक्षमा हुन्छ । दलित नायक परम्परावादी सोच र व्यवहारको विरुद्ध लड्ने तथा नयाँ सुन्दर समाज निर्माण गर्ने पक्षमा हुन्छ । दलितसाहित्यमा नायक दलितमुक्तिका निम्ति क्रान्तिकारी व्यक्तित्वका रूपमा उपस्थित हुन्छ । दलितमुक्ति क्रान्तिबाट मात्रै सम्भव छ भन्दै क्रान्तिको लागि सङ्घर्ष गर्न ऊ खरो रूपमा उत्रिन्छ । दलित भएर आफूले भोग्दै आएका अनेकन् दुःख, कष्ट र पीडासँग जुध्दै त्यहाँको नायक सङ्घर्ष र क्रान्तिमार्फत समतामूलक समाज निर्माण गर्ने अठोट बोकेको जुझारू योद्धाका रूपमा प्रस्तुत हुन्छ । त्यस्तो नायक आफ्ना साथीहरूलाई सङ्गठित गरेर शोषक तथा शासक उत्पीडनकारीका विरुद्ध आफू पनि लड्ने र अरूलाई पनि लड्न  प्रेरित गर्ने ऊर्जाशील पात्र हुन्छ ।

### ३.५ मुक्तिको आकाङ्क्षा र क्रान्तिचेत

शोषणको अन्त्य विद्रोहबिना सम्भव छैन भन्ने चेतना दलित साहित्यमा पाइन्छ । दलितहरू आफ्नो समुदायमाथि हुने सबै किसिमका विभेद, छुवाछुत, शोषण, उत्पीडनको विरुद्ध लड्दै, भिड्दै आफ्नो अस्तित्व जोगाउनका लागि सङ्घर्ष गर्ने भएकाले दलितसाहित्यमा विद्रोहको चेतना देखिन्छ । सङ्घर्षबिना दलित मुक्ति सम्भव छैन, तसर्थ सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना दलितसाहित्यमा प्रभावी भएर आउँछ । शोषक विरुद्ध सङ्घर्ष गर्दै मुक्तिको आकाङ्क्षा राख्नु नै  दलित साहित्यको मुख्य ध्येय रहेको हुन्छ ।

दलितसाहित्यले दलितमाथि हुने छुवाछुत सहितको सामाजिक तथा सांस्कृतिक उत्पीडनको विरुद्ध लड्न प्ेररित गर्छ । दलितसाहित्यले कसैले दया गरेर वा पेवाका रूपमा आपmmनो अधिकार प्राप्त नहुने भन्दै आफ्नो अधिकार प्राप्त गर्न दलित आफैँ सङ्घर्षमा उत्रनुपर्छ भनी उत्पीडित वर्गलाई प्रोत्साहित गर्छ । यसले दलितहरूलाई शोषण र विभेद गर्न तय गरिएको उत्पीडनकारी व्यवस्था ठिक छैन भन्दै उत्पीडित वर्गको दृष्टिबाट हेर्दा मात्रै ठिक लाग्ने व्यवस्था ल्याउनका निम्ति तत्कालीन शासन व्यवस्थाको विरुद्धमा सङ्घर्ष गर्न प्रेरित गर्छ । मुक्तिको निम्ति विद्रोह आवश्यक छ भन्दै दलितसाहित्यले सम्पूर्ण उत्पीडित वर्गलाई एक ढिका भई सङ्घर्षको मैदानमा उत्रन अपिल गर्छ ।

### ३.६ समतामूलक समाज निर्माणको चाह

हिन्दु वर्णव्यवस्थाले दलितहरूलाई उत्पीडनमा पारिरहेको छ । वर्ग व्यवस्थाले समाजलाई धनी र गरिबको वर्गमा विभाजन गरी गरिबमाथि उत्पीडन गरिरहेको छ । जातव्यवस्थाले दलित र गैरदलितबिच भेदभाव त गर्छ नै अझ भनौं यसले दलित-दलितबिच र गैरदलित-गैरदलित बिचमा पनि विभेद गर्छ । यसर्थ वर्ग, वर्ण र जातका आधारमा बनेको यस्तो व्यवस्थाको अन्त्य हुनु जरुरी छ । यही मूल मान्यता दलितसाहित्यमा हुन्छ । जसरी

वर्गीय रूपमा पिँधको मजदुर वर्गको मुक्ति बिना वर्गीय समाजका निम्न, मध्यम वर्ग वा किसानको मुक्ति हुँदैन, त्यसरी नै जातव्यवस्था भएको समाजमा दलितको मुक्ति बिना कुनै जातको पनि समग्र प्रगति सुनिश्चित हुँदैन । त्यसैले दलितसाहित्य भनेको जातव्यवस्था विरोधी साहित्य हो (आहुति 'क' २०७७, पृ.१६४) । दलितसाहित्यमा समाजमा व्याप्त रहेका सम्पूर्ण किसिमको विभेदका अन्त्य गर्दै समतामूलक समाज निर्माणमा जोड दिइएको हुन्छ । दलितसाहित्य भनेको दलित जातिले इतिहासदेखि वर्तमानसम्म भोगेको, अनुभव गरेका जीवनका कथाव्यथाको अभिव्यक्ति हो । यसमा शुद्रत्वबाट, उच-नीच पदानुक्रमबाट, शोषण आदिबाट समाजलाई मुक्त गराई समतावादी समाजको निर्माणमा जोड दिइन्छ (ओझा २०७०, पृ.२३८) । सबै मानिस सम्मानपूर्वक स्वतन्त्र भएर बाँच्नु पाउनु पर्छ; वर्ण, वर्ग र जात भन्दा महत्त्वपूर्ण कुरा मानवता हो भन्ने मूल स्वर दलितसाहित्यमा गुन्जिएको हुन्छ ।

## ३.७ आक्रोशपूर्ण सोझो भाषाशैली

दलितसौन्दर्यचेतयुक्त-साहित्यले लिङ्ग, वर्ण, वर्ग र जातका आधारमा हुने विभेदलाई यथार्थ रूपमादेखाउने-प्रस्तुत गर्ने मात्र गर्दैन, यसले छुवाछुतसहितको विभेद र सबै किसिमको उत्पीडनप्रति सोझै प्रहार गर्छ । दलितसाहित्य सधैं समाजमा व्याप्त शोषण, दमन, उत्पीडनलाई निरन्तर प्रहार गरी ढलाउन उद्दत रहन्छ । दलितसाहित्यले नम्र भाषामा चिप्ला कुरा गर्दैन । यसले तितोसत्यलाई यथार्थपरक रूपमा चित्रण गर्दछ र त्यसलाई ध्वस्त पार्न कडा रूपमा प्रस्तुत हुन्छ ।

दलितसाहित्यले खरो र खस्रो शैलीमा सिधा रूपमा शोषक वर्गको विरुद्ध आक्रोश प्रकट गर्छ । समाजमा जे बेथिति भइरहेको छ, त्यसको ठाडो र तीव्र विरोध गर्ने क्रममा कहिलेकाहीँ दलितसाहित्यको भाषा शासक वर्गका लागि अश्लीलसमेत बन्न पुग्छ । आवेगपूर्ण, रुखो र टर्रो लाग्ने भाषाशैलीको प्रयोग यसमा हुन सक्छ । दलितसाहित्य लेखनको मूल उद्देश्य श्रुतिमधुर भाषामा मनलाई आनन्द दिने साहित्य निर्माण गर्नु भन्दा पनि दलितमाथि हुने ज्यादती विरुद्ध आक्रोश व्यक्त गर्नु हो अर्थात् मान्छे भएर मान्छे झैं बाँच्न नपाउनुको पीडा व्यक्त गर्दै त्यसबाट मुक्त हुनु हो ।

## ३.८ दलितचेतको परिप्रेक्षमा *भोकको लय* कवितासङ्ग्रहको विश्लेषण

माथि प्रस्तुत दलितचेतको सैद्धान्तिक आधारहरूमा भोकको लय कवितासङ्ग्रहको विश्लेषण यसप्रकार गरिएको छ :

## ३.९ भोकको लय कवितासङ्ग्रहमा भौतिकवादी जीवनदृष्टि

भौतिकवादले ईश्वरको अस्तित्व स्वीकार्दैन । यसले अन्ध विस्वास र अन्धपरम्पराको विरोध गर्छ । यसले वैज्ञानिक चिन्तनलाई आत्मसाथ गर्छ । कवि कृष्ण विश्वकर्माको 'ईश्वर मर्यो' शीर्षकको कवितामा ईश्वरको अस्तित्वलाई अस्वीकार गर्दै भौतिकवादीचेतलाई प्रसय दिएको छ । पाश्चात्य चिन्तक, लेखकले ईश्वरको कुनै अस्तित्व नरहेको भन्दै ईश्वर मरेको घोषणा गरेका थिए । तीनै नित्सेलाई आफ्ना कवितामा प्रतिस्थापन गर्दै

कृष्ण विश्वकर्माले धार्मिक अन्धतालाई अर्थात ईश्वरीय देन हो भन्ने विचारधारालाई त्यागनुपर्ने भाव व्यक्त गरेका छन् । जस्तै :

ऊ बर्बराउँछ प्रहर-प्रहर एक तमास

अर्थ चेत तन्द्रामा बन्छ स्वयम् वकिल

उभ्याएर आफैंलाई कठघरामा

बनाउँछ मनमष्तिष्कलाई बादी

बनाउँछ परिवेशलाई प्रतिवादी

मुट्ठु कँपाउने

स्याँठको कर्फ्यूसकिनु एक प्रहरपूर्व

उभ्याउँछ नीत्सेलाई कठघरामा

एकपटक पढ्छ नीत्सेको मगज

र, बन्छ एकल इजलासको न्यायधीश

अनि सुनाउँछ पुनः फैसला

-ईश्वर मर्यो !

(विश्वकर्मा २०७५, पृ.९)

विश्वकर्माको यस कवितामा गाउँका पुजारी बा, हात हेराउने ज्योतिषिबाहरूले ईश्वरको नाम लिएर अनेक भ्रम सिर्जना गरी मानिसहरूका रोग, भोक, सोक र दुर्दशाहरूको व्यापार गरिरहेका छन् भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ । मान्छेमा दुःख, पीडा ल्याउने सबै कारकतत्त्व मान्छेको दैनिक कर्म हो । मान्छेलाई सानो, ठूलो, पवित्र अपवित्र भनी विभेद गर्ने कार्य ईश्वरले नभई शोषक फटाहाहरुले गरेका हुन् । तसर्थ यी फटाहा र ठगीखाने भाँडो ईश्वरको पछि नलागी भौतिकवादी बन्नुपर्ने कुरामा कविले जोड दिएका छन् ।

## ३.१० भोकको लय कवितासङ्ग्रहमा दलनको पीडा बोध र स्वपहिचान

कुनै पनि व्यक्ति, वर्ग वा समुदायमाथि के भइरहेको छ भन्ने थाहा नपाई त्यसबाट छुटकारा पाउन सकिंदैन । यसर्थ आफूहरूमाथि भएको ज्यादती वा उत्पीडनलाई बोध गर्नु र आफू के हूँ, के चाहन्छु भन्ने थाहा गर्नु आवश्यक छ । कवि कृष्ण विश्वकर्माका कवितामा दलित, गरिब र महिलामाथि भएका दलनको स्वीकारोक्ति पाइन्छ र उनीहरूको अस्तित्वको खोजी गरिएको पाइन्छ । यसको उदाहरण स्वरूप विश्वकर्माको 'हामी त ढुङ्गाका मान्छे' शीर्षकको कवितांशलाई प्रस्तुत गरिन्छ ।

घोटिँदा घोटिँदा

युगले भुलेका पौरखी हातका

हाम्रा नङ्ग्रा

कुनै पसलमा बेच्न राखेको पञ्जाकै भए

भोकाउँदा भोकाउँदा

स्वत्व र अस्तित्वको दौडमा हाम्रा पेट

तार चुडेर मिल्किएको सारङ्गी झैं भए ।

क्रम भङ्गका यिनै कायाकल्पभित्र

कतै भइगएछौं -हामी त ढुङ्गाका मान्छे ।

(विश्वकर्मा २०७५, पृ.१३४)

यस कवितामा दलितहरूले हजारौं वर्षदेखि विभेद खेप्नु परेको, तीता, पिरा, अप्रिय बोलिव्यवहार सहनु परेको, अनेकौंबार बन्देजले खुट्टाहरू वर्जित बन्न पुगेको, दुर्गन्धित सोचहरूले गन्ध नै चाल नपाउने बन्न पुगेको भन्दै दलित समुदायले भोग्नु परेका उत्पीडनको तीतो यथार्थ प्रस्तुत गरिएको छ । यस्तै श्रमका खानी दलितहरूले नै अहोरात्र आफ्नो पसिना बगाएर समाजलाई चलायमान बनाएको भाव कवितामा आएको छ । दलितहरूले हजारौं वर्षदेखि आफ्ना दसनङ्ग्रा खियाइरहेका छन्, यद्यपि उनीहरू रोग, भोक र सोकबाट उन्मुक्त हुन नसकेको कुरालाई यस कवितामा प्रष्ट्याइएको छ । यस्तै दलितहरूको वीरताको भावलाई अङग्रेजसँगको युद्ध र विसेनगर्चीको प्रसङ्गबाट प्रष्ट पारिएको छ । अङ्ग्रेजहरूसँग लड्न हातहातियार बनाउनेदेखि लिएर प्रत्यक्ष युद्धमा सामेल हुन पछि नहटेर हरेक दलितहरूले नेपालको अस्तित्व रक्षा गरेको भन्दै यस कवितामा दलितहरूको स्वपहिचान-अस्तित्वको खोज गरिएको छ ।

## ३.११ भोकको लय कवितासङ्ग्रहमा शोषण तथा उत्पीडनको विरोध

कवि कृष्ण विश्वकर्माको 'मौनता' शीर्षकको कवितामा दलित, महिला, सामान्य जनताप्रति समाजका ठुलाबडा भनौदा व्यक्ति र राज्यसत्ताले गर्ने उत्पीडन तथा शोषण र दमनको चर्को विरोध गरिएको छ । कवि आफ्ना कवितामार्फत समाजमा मान्छे भएर मान्छे झैं बाँच्न नपाएका, हेपिएका, चेपिएका, उत्पीडित क्षेत्र, वर्ग र समुदायका श्रमजीविहररूलाई आफूहरूमाथि वर्षौंदेखि भएको अन्याय र अत्याचारको विरुद्ध लड्न यसरी प्रेरित गर्छन् :

बढाउन गोरेटोको आयु

तोड्न माफियाको माकुरी जाल

सबै सबै उलौँ सुनामी झैं

एकलट बनिदिउँ ज्वालामुखी

र, मौनताले ल्याउने पराकम्पनद्वारा

हल्लाइदिऊँ बेस्सरी सिंहदरबार ।

(विश्वकर्मा, २०७५, पृ.७६)

कविले उनको 'मौनता' शीर्षकको कवितामा बेथितिको पराकाष्टाका विरुद्ध, भोकले ग्रस्त छातीहरूमा बुर्कुसी मारिरहेका पाउहरूका विरुद्ध, हाम्रा छोरी चेलीमाथि कुदृष्टि लगाउने शोषक, ठूलाबडाका विरुद्ध दुर्गम गाउँलाई अझै दुर्गमै बनाइराख्ने नियतिका विरुद्ध, माफिया, घुसखोरी, भ्रष्टारीका विरुद्ध तमाम न्यायप्रेमी शोषित, पिडित जनतालाई एकजुट भएर ज्वालामुखी झैं विष्फोट हुन प्रेरित गरिएको छ । सारा उत्पीडनबाट मुक्तिका लागि भरियाहरू, गोठालाहरू, मजदुरहरू, गृहिणीहरू सबैसबै उत्पीडित समुदय नै लड्नुपर्ने विचार कवितामा प्रष्ट आएको छ ।

## ३.१२ भोकको लय कवितासङ्ग्रहमा दलित नायकत्वको खोजी

कवि कृष्ण विश्वकर्माको दलितलाई नायक बनाएर लेखिएको कविता हो- 'तिमी सृष्टिकै अनमोल हिरा हौ' । दलितले लेखेको अक्षर त अपवित्र हुन्छ भन्ने खराब विचारले जरो गाढेको हिन्दू समाजमा कृष्ण विश्वकर्माले दलितलाई अनमोल हिरा अर्थात् सर्वश्रेष्ठ र मूल्य अमूल्य रहेको उल्लेख गरेका छन् । जस्तै :

स्नान गरेर तिम्रै पसिनाले

हर मन्दिरका गजुर मुस्कुराउँछ

हर शिर, पाउ, शरीर मगमगाउँछ ।

शुभ साइत, शुभ कार्य

तिम्रै साधन, तिमी नै साध्य हौ

भलै यो दुनियाँ अझै

ठान्छन् कोइला - ठान्न देऊ

तर

तिमी सृष्टिकै अनमोल हीरा हौ ।

(विश्वकर्मा, २०७५, पृ.१०१)

समाजको वास्तविक सञ्चालक श्रमजीवि वर्ग हुन् । ती श्रमजीवि वर्गमा दलितहरू नै धेरै रहेका छन् । ती दलितहरूकै पसिनाको नेतृत्वमा ठूला ठूला महल, मन्दिर, मस्जित निर्माण भएका छन् । यद्यपि ती दलितहरूलाई आज पनि अपवित्र भन्दै त्यहाँ जान रोक लगाइन्छ । समाजका कथित ठुलाबडाले अछुत, अपवित्र, कोइला ठाने तापनि समाजको वास्तविक पोषणकर्ता, पहरेदार दलित नै भएको भन्दै दलितलाई समाज सञ्चालनको नायकका रूपमा कवितामा प्रस्तुत गरिएको छ ।

## ३.१३ भोकको लय कवितासङ्ग्रहमा मुक्तिको आकाङ्क्षा र क्रान्ति चेत

कवि कृष्ण विश्वकर्माको 'हो, म आगो मनपराउँछु' शीर्षकको कवितामा क्रान्ति चेत र मुक्तिको आकाङ्क्षालाई बेजोड रूपमा प्रस्तुत गरिएको छ । जस्तैः

मध्यान्हमा

सूर्यको तेजधारले ल्याउने पारिलो ताप

मेरो पीडाको, मेरो मुक्तिको

प्रतित हुन्छ प्रथम खुड्किलो

त्यसैले त म ताप मनपराउँछु

राप मन पराउँछु

हो, म आगो मनपराउँछु ।

(विश्वकर्मा २०७५, पृ.३६)

यस कवितामा सूर्य र आगो क्रान्तिको प्रतीकको रूपमा आएको छ । कवि यो विभेदपूर्ण, बेथितियुक्त समाजलाई क्रान्तिमार्फत ध्वस्त पारी नयाँ समाज निर्माणको पक्षमा उभिएका छन् । क्रान्ति नगरी कुनै पनि उत्पीडन तथा शोषण, दमनबाट मुक्ति प्राप्त गर्न सकिंदैन भन्ने विचार कविले कवितामार्फत व्यक्त गरेका छन् ।

## ३.१४ भोकको लय कवितासङ्ग्रहमा समतामूलक समाज निर्माणको चाह

विश्वकर्माको 'आऊ, एक अनौठो दिवस मनाऔं' शीर्षकको कवितामा समतामूलक समाज निर्माणको चाहलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । उनी आफ्ना कवितामार्फत कुनै पनि किसिमको भेदभाव नभएको समाज निर्माणको चाह अभिव्यक्त गर्दछन् । जसलाई यसरी प्रस्तुत गरिन्छ :

फूलबारीलाई

ढकमक्क पार्न रङ्गीचङ्गी फूलहरूले

आऊ एक अनौंठो दिवस मनाऔं

समिश्रण गरौं, मजाले घोलौं

चुच्चा, थेप्चा र बुच्चा नाकहरूको नक्ष

अनि जन्माऔं

विभेदरहित सघन अन्तरघुलनका फूलहरू ।

(विश्वकर्मा २०७५, पृ.९६)

यस कवितामा कविले नेपाललाई सुन्दर फूलबारी र नेपालीहरूलाई त्यहाँका फूलहरूका रूपमा चित्रित गरेका छन् । फूलबारीका सबै फूलहरूको आआफ्नै सुगन्ध र महत्त्व हुने हुँदा कसैलाई पनि सानो-ठुलो, सुन्दर-कुरूप आदिको तराजुमा नराखी सबैलाई समान र सम्मानपूर्ण व्यवहार गर्नुपर्ने भाव व्यक्त गरिएको छ । यहाँ जात, धर्म, जन्म, रङ, उचाइ, आकार आदिकै आधारमा मान्छे-मान्छेलाई विभेद गरिन्छ । कोही सर्वश्रेष्ठ र कोही नीच तुल्याइन्छ । यस्तो खराब संस्कृतिलाई निर्मूल पारी कवि सबै एकआपसमा सेवा, सद्भाव, सहिष्णुता, सहयोग, सम्मान, सहचार्यको भावले ओतप्रोत भएको समतामूलक समाज, विभेदरहित समाज निर्माणको चाहना व्यक्त गर्दछन् ।

## ३.१५ भोकको लय कवितासङ्ग्रहमा आक्रोशपूर्ण सोझो भाषाशैली

कवि विश्वकर्माको कवितामा हुनेखाने वर्गलाई ठिक लाग्ने सुलालित्यपूर्ण, सुकोमल भाषाको प्रयोग गरिएको पाइँदैन । उनका कवितामा दलित समुदायमा बोलिने सामान्य बोलिचालीको भाषा प्रयोग गरिएको पाइन्छ । यस्तै शोषक तथा उत्पीडक वर्गलाई सिधै प्रहार गर्ने तीखो र कठोर भाषाको समेत प्रयोग गरिएको पाइन्छ । जस्तै : विश्वकर्माले कविताको शीर्षक नै 'ईश्वर मर्यो' भन्ने राखेर ईश्वरीय भक्तिभाव राख्ने वर्गप्रति तिखो वाण प्रहार गरेका छन् । जो आफ्नो जीवन नै ईश्वरीय मार्गमा बिताउँछु भनेर लागेको छ । जो ईश्वर बिना यो ब्रह्माण्डको कल्पनक पनि गर्न सक्दैन उसलाई सिधै ईश्वर मर्यो भन्दा कस्तो लाग्ला ! यस्ता भाषाले पक्कै पनि ऊ क्रोधित बन्ने छ । यस्तै विश्वकर्माले आफ्नो 'रङ्गहरूको सौन्दर्य मूल्य' शीर्षकको कवितामा जनताको नाममा दसवर्षे युद्ध मच्चाउने र अन्त्यमा दलाल पुँजीवादमा लिप्त हुन पुग्ने नेतृत्वलाई छट्टुहरु, बेसारे (पृ. १२९), भनी आक्रोश व्यक्त गरेका छन् । यही कवितामा उनी शासक वर्ग, शोषक वर्गलाई यसरी ठाडो आक्रोश व्यक्त गर्छन् :

चाल बाजहरू, चोरेर प्रकृतिको रङ

देखाइरहन्छन् मुक्तिको ग्रिन सिग्नल

हरिकङ्गालहरूलाई कहाँ हुन्छ फुर्सद ?

पर्गेल्न-एल्लो सिग्नल, रेड सिग्नल

(विश्वकर्मा २०५५, पृ.१३०)

यहाँ उत्पीडित जनतालाई मुक्तिको आश देखाएर भ्रम छर्ने शोषकहरूलाई 'विचारहीन चालबाजहरू' र 'चोर', 'हरिकङ्गाल' जस्ता शब्दहरूले दोहोलो काढिएको छ । उनका कविताहरू गद्य लयमा लेखिएका छन् ।

## ४. निष्कर्ष

दलितचेतको दृष्टिले साहित्यिक कृतिको अध्ययन गर्दा भोकको लय कवितासङ्ग्रहमा प्रयुक्त भौतिकवादी जीवनदृष्टि; दलनको पीडा बोध र स्वपहिचान; शोषण तथा उत्पीडनको विरोध; दलित नायकत्वको खोजी; मुक्तिको आकाङ्क्षा र क्रान्ति चेत; समतामूलक समाज निर्माणको चाह र आक्रोशपूर्ण सोझो भाषाशैलीलाई विश्लेषणको मूलभूत आधार बनाइएको छ । प्रस्तुत कृतिलाई भौतिकवादी जीवनदृष्टिबाट अध्ययन गर्दा 'ईश्वर मर्यो' शीर्षकको कवितामा ईश्वरको अस्तित्वलाई अस्वीकार गर्दै भौतिकवादलाई प्रसय दिइएको देखियो । दलनको पीडा बोध र स्वपहिचानको दृष्टिबाट कृतिलाई नियाल्दा 'हामी त ढुङ्गाका मान्छे' शीर्षकको कवितामा दलितहरूले हजारौं वर्षदेखि विभेद खेप्नु परेको, तीता, पिरा, अप्रिय बोलिव्यवहार सहनु परेको यथार्थ चित्रणले दलितहरूमाथि भएको दलनको स्वीकारोक्तिलाई बुझाउँछ । साथै दलितहरूको वीरताको भावलाई अङ्ग्रेजसँगको युद्ध र विसेनगर्चीको प्रसङ्गबाट प्रष्ट पारिएको हुनाले उनीहरूको अस्तित्वको खोजी गरिएको प्रष्ट हुन्छ । कृतिमा दलित नायकत्वको खोजी गर्दा 'तिमी सृष्टिकै अनमोल हिरा हौ' कवितामा सुनार, लुहार जस्ता थर भएका सुन र फलामको काम गर्ने दलितपात्रहलाई नायक बनाइएको पाइयो । मुक्तिको आकाङ्क्षा र क्रान्ति चेतको दृष्टिले कृतिको अध्ययन गर्दा 'हो, म आगो मनपराउँछु' शीर्षकको कवितामा सूर्य र आगोलाई क्रान्तिको प्रतीकको रूपमा प्रस्तुत गरी कवि यो विभेदपूर्ण, बेथितियुक्त समाजलाई क्रान्तिमार्फत ध्वस्त पारी नयाँ समाज निर्माणको पक्षमा उभिएका छन् । जसले मुक्तिको आकाङ्क्षा र क्रान्ति चेतलाई बुझाउँछ । यस्तै कृतिमा समतामूलक समाज निर्माणको चाहलाई खोजी गर्दा 'आऊ, एक अनौठो दिवस मनाऔं' शीर्षकको कवितामा कविले नेपाललाई सुन्दर फूलबारी र नेपालीहरूलाई त्यहाँका फूलहरूका रूपमा चित्रित गर्दै एकआपसमा सेवा, सद्भाव, सहिष्णुता, सहयोग, सम्मान, सहचार्यको भावले ओतप्रोत भएको विभेदरहित समतामूलक समाज निर्माणको चाहना व्यक्त गरेको पाइयो । यस्तै कृतिमा आक्रोशपूर्ण सोझो भाषाशैली प्रयोगलाई हेर्दा कविताको शीर्षक नै 'ईश्वर मर्यो' भन्ने राखेर ईश्वरीय भक्तिभाव राख्ने वर्गप्रति तिखो वाण प्रहार गरेको पाइयो । कवितामा हुनेखाने वर्गलाई ठिक लाग्ने सुलालित्यपूर्ण, सुकोमल भाषाको प्रयोग नगरी उत्पीडित जनतालाई मुक्तिको आश देखाएर भ्रम छर्ने शोषकहरूलाई 'विचारहीन चालबाजहरू', 'छट्टुहरू', 'बेसारे' र 'चोर', 'हरिकङ्गाल' जस्ता आक्रोशपूर्ण र रूखो भाषाको प्रयोग गरिएको पाइयो । समग्र कृतिमा दलितहरूले राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा समान अधिकार प्राप्त नगरेसम्म दलित मुक्ति असम्भव रहेकाले दलित मुक्तिका लागि आम उत्पीडित दलित वर्ग-समुदायलाई एकताबद्ध भई सङ्घर्ष गर्न दलित प्रोत्साहन गरिएको पाइन्छ । यसरी दलितचेत प्रयोगका दृष्टिले *भोकको लय* कवितासङ्ग्रह सशक्त रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, डिडी र रणेन्द्र बराली (२०७७). *नेपाली दलित साहित्यलेखनको इतिहास.* काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

आहुति (२०७७). *जातवार्ता.* काठमाडौं : बेला बुक्स ।

चापागाईं, निनु (२०६८). *दलित सौन्दर्यशास्त्र र साहित्य.* पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

ढकाल, घनश्याम (२०७०). 'दलित सौन्दर्यशास्त्र : सम्भावना र स्वरुप'. *दलित सौन्दर्यबोध.* राजेन्द्र महर्जन, सम्पा.,सानेपा, ललितपुर : समता फाउण्डेशन ।

पाण्डेय, ताराकान्त (२०७०). 'समसामयिक प्रगतिशील कवितामा दलित चेतना'. *दलित सौन्दर्यबोध.* राजेन्द्र महर्जन, सम्पा., सानेपा, ललितपुर : समता फाउण्डेशन ।

प्रभात, रमेश (सन् २०२१). 'किसानप्रेमीको चेतना खण्डकाव्यमा प्रतिध्वनित दलित चेतना'.BMC JOURNAL OF SCIENTIFIC RESEARCH, A Multidisciplinary Peer Reviewed Research Journal. Page no. 106-114.

बराल, अरुण (२०६७). *बाहुनवाद.* दोस्रो संस्क., न्युरोड, काठमाडौं : ब्रोदर न्युज एजेन्सी ।

भट्टराई, रमेशप्रसाद (२०७०). 'दलित परिप्रेक्ष : प्रगतिवादी आख्यानका सन्दर्भमा'. *दलित सौन्दर्यबोध.* राजेन्द्र महर्जन, सम्पा., सानेपा, ललितपुर : समता फाउण्डेशन ।

महर्जन, राजेन्द्र (२०७०). 'इतिहासको क्यानभासमा दलित सौन्दर्य'. *दलित सौन्दर्यबोध.* राजेन्द्र महर्जन, सम्पा.,सानेपा, ललितपुर : समता फाउण्डेशन ।

वैद्य, मोहन (२०६७). 'बाहुनवादको मौलिक विशेषताहरू'. दोस्रो संस्क.. *बाहुनवाद.* अरुण बराल, सम्पा., न्युरोड, काठमाडौं : ब्रदर्श न्युज एजेन्सी ।

सङ्गीतश्रोता (२०७१). 'जो हुर्तिंदै आयो...' . गहुँगोरो अफ्रिकाको भूमिका. *गहुँगोरो अफ्रिका.* बागबजार, काठमाडौं : साङ्ग्रीला पुस्तक प्रा.लि. ।